नेपाली राजदूताबास
Embassy of Nepal
Berlin, Germany

# सूचना ! सूचना !! सूचना !!!

युक्रेन र रुस बीच विकसित पछिल्लो परिस्थितिलाई ध्यानमा राखी नेपाल सरकार, परराष्ट्र मन्त्रालयले मिति २०७८।११।११ मा एक यात्रा प्रतिवन्ध (Travel Advisory) जारी गरेको कुरा युक्रेनमा बसोवास गरिरहनु भएका सबै नेपाली दाजु-भाइ दिदि-बहिनीहरुमा विदितै छ ।

आज विहानैदेखि विकसित घट्नाक्रम समेतलाई दृष्टीगत गर्दा युक्रेनको हवाई क्षेत्र (Airspace) नागरिक/व्यवसायिक उडानका लागि अल्पकालीन रुपमा (Temporarily) बन्द भएकोले हवाइमार्गबाट तत्काल युक्रेन छोड्न सम्भव नहुने देखिएको सन्दर्भमा देहाय बमोजिम गर्न हुन सम्बन्धित सबैमा दूतावास हार्दिक अनुरोध गर्दछ :

- संयमता अपनाई हाल बसोवास गरिरहेको स्थानमा घरभित्रै सुरक्षित रुपमा रहनु हुन,
- युक्रेन सरकार र सम्बन्धित कलेज/युनिभर्सिटी/कम्पनीद्वारा जारी निर्देशनको पूर्ण पालना गर्नु हुन,
- सम्भव भएमा सडक तथा रेलमार्गबाट युक्रेनकै पश्चिम तर्फका बढी सुरक्षित स्थानमा जानु हुन,
- राहदानी, परिचय-पत्र, सवारी चालक अनुमतिपत्र, बैंकको कार्ड लगायतका कागजात आफ्नोसाथमा राख्नु हुन,
- साथीभाई, परिवार तथा नियोगसँग नियमित सम्पर्कमा रहनु हुन,
- Air Sirens/Bomb Warnings आदिको अवस्था भएमा आफ्नो नजिकमा रहेको Bomb Shelters (जुन भूमिगत रेल मार्ग (underground metros) हरुमा छन्) प्रयोग गर्नु हुन ।
  - यसका लागि google map को सहायता लिनु हुन । Kyiv मा रहनु भएकाहरुले यसका लागि https://kyivcity.gov.ua/bezpeka_ta_pravoporiadok/bomboskhovy_scha_ta_ukryttia/ को Link प्रयोग गर्नु हुन ।
- घट्नाक्रमको वारेमा नियमित रुपमा अद्यावधिक जानकारी राख्नु हुन।

**नियमित सूचना तथा जानकारीका लागि सम्पर्क व्यक्ति, सम्पर्क नम्बर तथा इ-मेल**

श्री सहारा चौंलागाइँ, तृतीय सचिव, नेपाली राजदूतावास, बर्लिन

सम्पर्क नं. +४९१७०९८०८०६३, इ-मेल: eonberlin@mofa.gov.np ।

श्री हरि बहादुर मल्ल

सम्पर्क नं. +३८०९३४३४७७००

अध्यक्ष, गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, ओडसा, युक्रेन ।

मिति: २०७८।११।१२ (२४ फेब्रुअरी २०२२)

बर्लिन ।

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de, Web: https://de.nepalembassy.gov.np